प्रदेश सरकार

भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, कास्की

गण्डकी प्रदेश, पोखरा

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव माग गरिएको सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०७९/१०/१०)

यस कार्यालयको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७९/१०/२४ गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिलः</u>

| | | | | |
|---|---|---|---|---|
| **कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले पेश गर्न मिल्ने (प्रथम पटक सूचना प्रकाशन)** | | | | |
| क.सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग/ लागत साझेदारी | कुल कार्यक्रम बजेट रु | मापदण्ड |
| १ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | बीउ/बेर्ना कुखुरा चल्ला, गोला सहितको मौरी घार, करेसाबारीको लागि सिँचाई सामग्री आदि बढीमा ९० प्रतिशत अनुदान, प्रति घरधुरी अधिकतम २० हजार सम्म दिन सकिने | २५ लाख | ग्रामिण पोषण सुरक्षण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८ बमोजिम खाद्य तथा पोषण सुरक्षाका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेका क्षेत्रलाई प्राथमिकीकरण गरी कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा क्लष्टर छनौट गरिने |
| २ | विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रम | जिविकोपार्जनलाई सहयोग पुग्ने प्रकृतिका क्रियाकलाप संचालनका लागि अधिकतम ९० प्रतिशत सम्म अनुदान दिन सकिने | ४० लाख | विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रम सञ्चालन मापदण्ड, २०७८ बमोजिम प्रति समुदाय कम्तिमा ३० घरधुरी समावेस भएको, कृषि पेशामा आश्रित, शिक्षा, स्वास्थ, भौतिक सुविधा र सामाजिक हिसाबले सिमान्तकृत र प्राकृतिक प्रकोपको जोखिममा रहेको विपन्न बस्ती छनौट गरिने |
| **कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले पेश गर्न मिल्ने (दोस्रो पटक सूचना प्रकाशन)** | | | | |
| ३ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८ अनुसार तोकिएको लागत साझेदारी अनुसार | २५ लाख | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८ अनुसार हुने |
| ४ | मकैबाली प्रवर्द्धन कार्यक्रम | | ७० लाख | |
| ५ | कृषि उपजको बजार प्रवर्द्धन कार्यक्रम | | २.५ लाख | |

<u>आवश्यक कागजातहरुः</u>

- निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
- सोही प्रकृतिको कार्यक्रमका लागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि
- कार्यक्रममा सहभागी गराउने सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस
- खेती विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ)
- कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रर्माण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि (रैथाने बाली प्रवर्द्धन कार्यक्रम, मकैबाली प्रवर्द्धन कार्यक्रम र कृषि उपजको बजार प्रवर्द्धन कार्यक्रमको हकमा अनिवार्य)।

नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेवसाईट kaski.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि ०६१-४६१२५०, ९८५६००१३४४, ९८५७६३१२४१, ९८५७०४१२३१, ९८५६०३७४३५ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख

अधिकृत स्तर नवौं

CamScanner